प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) वीरेन्द्रनगर, सुर्खेत, असार ३१ गते, २०८३ साल (अतिरिक्ताङ्क ३

भाग-१

कर्णाली प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नं.: ०१

आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

<u>प्रस्तावनाः</u> आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "कर्णाली प्रदेश विनियोजन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन विक्रम सम्वत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "निकाय" भन्नाले यस ऐनबमोजिम बजेट विनियोजन हुने मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय र कार्यालय सम्झनुपर्छ र सो शब्दले यस ऐनबमोजिम बजेट विनियोजन भएका सङ्घ र स्थानीय तहका निकायलाई समेत जनाउँछ।

(ख) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्झनुपर्छ।

(ग) "बजेट सूचना प्रणाली" भन्नाले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबीआइएस) सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यक्षेत्र तोकिएको मन्त्रालय सम्झनुपर्छ।

३. **<u>आर्थिक वर्ष २०८३/८४ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः</u>** आर्थिक वर्ष २०८३/८४ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम १ करोड २७ लाख ४५ हजार रुपैयाँ बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पुँजीगत खर्च, महल ६ मा उल्लिखित

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा जम्मा ३५ अर्ब ३८ करोड ५८ लाख ३ हजार रुपैयाँमा नबढाई निर्दिष्ट गरिएबमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

४. **<u>विनियोजन</u>ः** यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

५. **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति</u>ः** (१) यस ऐनबमोजिम विनियोजित रकम खर्च गर्ने अख्तियारी प्रचलित कानूनको अधीनमा रही यो ऐन प्रारम्भ भएको मितिदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) यस ऐनबमोजिम बजेट विनियोजन भई अख्तियारी प्राप्त गरेको आयोजना, कार्यक्रम वा क्रियाकलाप अन्तर्गतको रकम खर्च गर्ने सम्बन्धमा प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गरी रकम खर्च गर्ने गराउने उत्तरदायित्व सम्बन्धित अख्तियारी पाएको अधिकारीमा हुनेछ।

(३) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(४) कुनै विषयगत मन्त्रालयमा एकमुष्ट रुपमा विनियोजन भएको रकम वा नेपाल सरकारबाट प्रदेश सरकारलाई एकमुष्ट रुपमा प्राप्त ससर्त अनुदानका आयोजना वा कार्यक्रम मातहतका कार्यालय वा अन्य निकायबाट खर्च गर्ने गरी बाँडफाँट गर्नुपर्ने भएमा विषयगत मन्त्रालयबाट विक्रम सम्वत् २०८३ साल मंसिर मसान्तभित्र लेखा उत्तरदायी अधिकृतले बाँडफाँट र बजेट सूचना प्रणालीमा अद्यावधिक गर्ने निर्णय गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम रकम बाँडफाँट गर्न कार्यविधि आवश्यक पर्ने भएमा विषयगत मन्त्रालयले कार्यविधि स्वीकृत गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दर्ता गर्ने र विषयगत मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्ने कार्य विक्रम सम्वत् २०८३ कार्तिक मसान्तभित्र गरिसक्नु पर्नेछ।

तर, विक्रम सम्वत् २०८३ कार्तिक मसान्त पछि नेपाल सरकारबाट प्रदेश सरकारलाई एकमुष्ट रुपमा प्राप्त हुने ससर्त अनुदानका आयोजना वा कार्यक्रमको हकमा त्यस्तो अनुदान प्राप्त भएको एक महिनाभित्र यस उपदफा बमोजिमको प्रक्रिया पुरा गर्न बाधा पर्ने छैन।

(६) उपदफा (४) बमोजिम विषयगत मन्त्रालयबाट लेखि आएमा मन्त्रालयले बजेट सूचना प्रणालीमा अद्यावधिक गरी सोको जानकारी विषयगत मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको अद्यावधिक भए पश्चात रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(८) उपदफा (४) बमोजिम एकमुष्ट रुपमा विनियोजन भएको रकम एक पटक बाँडफाँट गरेपछि पुनः बाँडफाँट, रकमान्तर वा कार्यक्रम संशोधन गर्न पाइने छैन।

(९) नेपाल सरकारबाट प्रदेश सरकारलाई ससर्त अनुदानको रुपमा प्राप्त आयोजना वा कार्यक्रम बजेट सूचना प्रणालीमा प्रविष्टि गर्दा त्रुटि भई सच्याउनु पर्ने भएमा विषयगत मन्त्रालयबाट निर्णय गरी विक्रम सम्वत् २०८३ चैत्र मसान्तभित्र अनुरोध भई आएमा मन्त्रालयले त्रुटि सच्याउन सक्नेछ।

(१०) प्रचलित प्रदेश कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

६. **<u>रकमान्तर, स्रोतान्तर र कार्यक्रम वा क्रियाकलाप संशोधन वा त्रैमासिक संशोधनसम्बन्धी व्यवस्थाः</u>** (१) दफा ४ बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्केतमा बचत हुने र अन्य कुनै अनुदान सङ्केतमा नपुग हुने भई सोको उपयुक्त आधार र कारण खुलाई विषयगत मन्त्रालय वा निकायबाट अनुरोध भई आएमा मन्त्रालयले बचत हुने

अनुदान सङ्केतबाट नपुग हुने अनुदान सङ्केतमा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा घटाउने अनुदान सङ्केतको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्केतमा रकमान्तर, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिनेछ।

तर, पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फका शीर्षकमा विनियोजित रकम त्यस्तो खर्च तर्फका शीर्षक बाहेक चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

(३) कुनै अनुदान सङ्केतभित्र रहेको बजेट उपशीर्षकको खर्च शीर्षक अन्तर्गतको क्रियाकलापमा सुरू विनियोजन भन्दा बढी नहुने गरी उपयुक्त आधार र कारण खुलाई विषयगत मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले रकमान्तर र बजेट सूचना प्रणालीमा अद्यावधिक गर्ने निर्णय गरी मन्त्रालयमा पठाउनु पर्नेछ। बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति लिएका आयोजना र विपद् व्यवस्थापन कार्यको हकमा भने यो सीमा लागु हुने छैन।

तर, देहायबमोजिमको अवस्थामा रकमान्तर गर्न पाइने छैनः

(क) आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा,

(ख) सुरु विनियोजन नभएको खर्च शीर्षकमा,

(ग) अवण्डा बाँडफाँट गरी सिर्जना हुने बाहेकका अन्य नयाँ क्रियाकलापमा,

(घ) उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनामा।

(४) बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति लिएका आयोजनामा विनियोजित रकम अन्य यस्तै प्रकृतिका आयोजना बाहेक अन्यत्र रकमान्तर गरिने छैन।

(५) स्थानीय तहका लागि अनुदान सङ्केत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

अनुदान र विशेष अनुदान रकम अन्य अनुदान सङ्केतमा र अर्को स्थानीय तहमा रकमान्तर गर्न पाइने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्केत ५०१ को अर्थ वित्तीय व्यवस्था र अनुदान सङ्केत ६०१ र ६०२ को अर्थ विविधमा विनियोजन भएको रकम चालु, पुँजीगत र वित्तीय व्यवस्थाका जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा आवश्यक रकम रकमान्तर तथा कार्यक्रम संशोधन गरी थप गर्न वा घटाउन र खर्च जनाउन मन्त्रालयलाई बाधा पर्ने छैन।

(७) एउटै अनुदान सङ्केतभित्र रही चालु शीर्षकमा विनियोजन भएको रकम पुँजीगत तर्फका खर्च शीर्षकमा रकमान्तर गर्ने र बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नको लागि निर्णय गर्ने अधिकार विषयगत मन्त्रालयको लेखा उत्तरदायी अधिकृतलाई हुनेछ। कुनै अनुदान सङ्केत भित्रको चालु खर्च शीर्षकमा विनियोजन भएको रकम सोही अनुदान सङ्केतको चालु खर्च शीर्षकमा मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

(८) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि पुँजीगत खर्च शीर्षकमा विनियोजन भएको रकम एउटै अनुदान सङ्केतभित्र रही रकमान्तर गर्ने र बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नको लागि निर्णय गर्ने अधिकार विषयगत मन्त्रालयको लेखा उत्तरदायी अधिकृतलाई हुनेछ।

(९) बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम वा क्रियाकलाप संशोधन गर्नुपर्ने भएमा आवश्यकता र औचित्य समेतका आधारमा संशोधन गर्ने र बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नको लागि निर्णय गर्ने अधिकार विषयगत मन्त्रालयको लेखा उत्तरदायी अधिकृतलाई हुनेछ।

(१०) कुनै निकायको बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सोको उपयुक्त आधार र कारण खुलाई विषयगत मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले

संशोधन गर्ने र बजेट सूचना प्रणालीमा अद्यावधिक गर्ने निर्णय गरी विक्रम सम्वत् २०८३ चैत्र मसान्तसम्म मन्त्रालयमा पठाउनु पर्नेछ।

(११) उपदफा (७), (८) र (९) मा भएको निर्णय बमोजिम विषयगत मन्त्रालयले बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न मन्त्रालयमा पठाउनु पर्नेछ। मन्त्रालयले अद्यावधिक गरी सोको जानकारी विषयगत मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(१२) उपदफा (७), (८), (९) र (१०) बमोजिम रकमान्तर वा कार्यक्रम वा क्रियाकलाप वा त्रैमासिक विभाजन संशोधन गर्दा स्रोतमा परिवर्तन हुने भएमा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(१३) प्रदेश सरकारबाट स्थानीय तहलाई ससर्त अनुदान मार्फत कार्यान्वयन हुने गरी निर्धारण भएको कार्यक्रम तथा आयोजना संशोधन गर्नुपर्ने भएमा विषय क्षेत्र तथा विनियोजित रकम परिवर्तन नहुने गरी सोको स्पष्ट कारण र पुष्ट्याइँ सहित कायम हुने आयोजनाको लागत अनुमान र सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय सहित विक्रम सम्वत् २०८३ साल चैत्र मसान्तभित्र अनुरोध भई आएमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

(१४) कर्णाली प्रदेशभित्र विपद् वा महामारीका कारण अत्यावश्यक कार्य गर्नुपर्ने अवस्था भएमा सम्बन्धित जिल्लाको विपद् व्यवस्थापन समितिको सिफारिसका आधारमा विषयगत मन्त्रालयले प्रदेश सरकारमा प्रस्ताव पेश गरी निर्णय भई आएमा अनुसूची-२ मा उल्लिखित अनुदान सङ्केतमध्ये बचत हुन आउने जुनसुकै अनुदान सङ्केतबाट सम्बन्धित अनुदान सङ्केतमा मन्त्रालयले थप कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्न सक्नेछ।

(१५) अदालतको फैसलाबाट प्रदेश सरकारले व्यहोर्नुपर्ने गरी दायित्व सिर्जना भएको रकम प्रदेश सरकारबाट निर्णय भई आएमा मन्त्रालयले सम्बन्धित अनुदान सङ्केतको स्वीकृत कार्यक्रममा थप

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्न सक्नेछ।

(१६) चालु आर्थिक वर्षको स्वीकृत आयोजना वा कार्यक्रममा विनियोजित रकम भन्दा ठेक्का सम्झौता रकम कम भई बचत भएको रकम अन्य कार्यमा खर्च गर्न पाइने छैन। यसको विवरण सम्झौता भएको मितिले एक महिनाभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय र विषयगत मन्त्रालयमा पेश गर्नुपर्ने छ। यसरी प्राप्त हुन आएको विवरण विषयगत मन्त्रालयले एकीकृत गरी अर्को एक महिनाभित्र मन्त्रालयमा पेश गर्नुपर्ने छ।

तर, यसरी बचत भएको रकम मन्त्रालयले आवश्यकताको आधारमा अन्य शीर्षकमा रकमान्तर गरी खर्च गर्ने अख्तियारी दिन बाधा पर्ने छैन।

(१७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्षको बीचमा प्रदेश सरकारबाट नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई नयाँ कार्यालयको स्थापना भएमा वा मौजुदा कार्यालय एक आपसमा गाभिएमा त्यस्तो कार्यको लागि नयाँ बजेट उपशीर्षक, खर्च शीर्षक र क्रियाकलाप थप, घट वा संशोधन गरी रकम व्यवस्थापन गर्न मन्त्रालयलाई कुनै बाधा पर्ने छैन।

(१८) यस दफा बमोजिम रकमान्तर, स्रोतान्तर, कार्यक्रम संशोधन, क्रियाकलाप संशोधन, त्रैमासिक संशोधन र बाँडफाँट गरी बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नका लागि मन्त्रालयमा पठाउँदा निर्णय भएको मितिले पन्ध्र दिनभित्र पठाइसक्नु पर्नेछ।

७. <u>**अन्तर-सरकारी वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्था:**</u> (१) अनुदान सङ्केत ८०१ को रकम कानूनबमोजिम खर्च गर्ने गरी वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रुपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले हस्तान्तरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान चार किस्तामा हस्तान्तरण गरिनेछ। त्यसरी हस्तान्तरण गर्दा पहिलो

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

किस्ता विक्रम सम्वत् २०८३ भाद्र पन्ध्र गतेभित्र, दोस्रो किस्ता कार्तिक पन्ध्र गतेभित्र, तेस्रो किस्ता माघ पन्ध्र गतेभित्र र अन्तिम किस्ता विक्रम सम्वत् २०८४ वैशाख पन्ध्र गतेभित्र हस्तान्तरण गर्नुपर्नेछ। नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान पुनः निर्धारण भई कम प्राप्त हुने अवस्थामा मन्त्रालयले स्थानीय तहलाई दिइने अनुदान हेरफेर गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहले अघिल्लो आर्थिक वर्षको वार्षिक आर्थिक विवरण साउन मसान्तभित्र र चालु आर्थिक वर्षको दोस्रो किस्ता र त्यसपछिका किस्ताको रकम निकासा माग गर्दा सोभन्दा अघिल्लो किस्तामा निकासा भएको खर्चको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नुपर्नेछ। यसरी पेश हुन नआएमा दोस्रो तथा त्यसपछिका किस्ता बापतको रकम हस्तान्तरण गरिने छैन।

(४) प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले स्थानीय तहलाई समपूरक, विशेष र ससर्त अनुदान बापतको पहिलो किस्ता हस्तान्तरण गर्दा आयोजना वा कार्यक्रमको खरिद योजना वा कार्यान्वयन कार्ययोजना र बाँकी किस्ताको हकमा सम्बन्धित आयोजना वा कार्यक्रमको कार्य प्रगति विवरणको आधारमा निकासा गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम हस्तान्तरण भएको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले उक्त बचत रकम सोही आर्थिक वर्षभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ। यसरी दाखिला नगर्ने स्थानीय तहलाई प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष प्रदेश सरकारबाट हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नुपर्नेछ र सोको विवरण मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(६) मन्त्रालयले यस दफाबमोजिम स्थानीय तहमा वित्तीय हस्तान्तरणबाट सञ्चालन हुने आयोजना वा कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

पेश नगर्ने स्थानीय तहलाई उपदफा (१) बमोजिम उपलब्ध गराइने जुनसुकै अनुदान रकम रोक्का गर्न सक्नेछ।

८. <u>**आयोजना वा कार्यक्रम कार्यान्वयनसम्बन्धी विशेष व्यवस्थाः**</u> (१) यस ऐनबमोजिम प्रदेश सरकारको कुनै निकायमा रहेको आयोजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्दा प्रभावकारी हुने भई विषयगत मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारबाट निर्णय भएमा मन्त्रालयले सम्बन्धित स्थानीय तहबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने गरी अख्तियारी प्रदान गर्न सक्नेछ।

तर, नेपाल सरकारबाट तोकिएकोमा बाहेक सङ्घीय ससर्त, समपूरक र विशेष अनुदानको रुपमा प्रदेश सरकारलाई प्राप्त कार्यक्रम वा आयोजना कार्यान्वयनको लागि स्थानीय तहमा अख्तियारी प्रदान गर्न वा हस्तान्तरण गर्न पाइने छैन।

(२) स्थानीय तहको बजेटमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम प्रदेश सरकार मातहतको कार्यालयबाट कार्यान्वयन गराउन उपयुक्त हुने भएमा सम्बन्धित स्थानीय तहको अनुरोधमा विषयगत मन्त्रालय र मन्त्रालयको स्वीकृति लिई कार्यान्वयन गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ।

(४) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगत तर्फको कुनै आयोजना नेपाल सरकार अन्तर्गतको कार्यालयबाट कार्यान्वयन गर्नुपर्ने आवश्यक ठानेमा विषयगत मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारबाट भएको सिफारिस बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको स्वीकृति सहित विषयगत मन्त्रालयबाट विक्रम सम्वत् २०८३ चैत मसान्तसम्म अनुरोध भई आएमा मन्त्रालयले अख्तियारी प्रदान गर्नुपर्नेछ।

(६) उपदफा (१), (२) र (४) बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा सोको जानकारी सम्बन्धित मन्त्रालय, स्थानीय तह र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(७) बजेट सूचना प्रणालीमा समावेश भएको पूर्वाधारसम्बन्धी आयोजना कार्यान्वयन गर्नुपूर्व विषयगत मन्त्रालय वा निकायले आयोजना बैंकमा प्रविष्टिसम्बन्धी सबै प्रक्रिया पूरा गर्नुपर्नेछ।

(८) प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटले सम्बोधन गरेका पूर्वाधारसम्बन्धी नयाँ योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपूर्व विषयगत मन्त्रालय वा निकायले आयोजना बैंकमा प्रविष्टिसम्बन्धी सबै प्रक्रिया पूरा गरी कार्यान्वयनमा लैजानु पर्नेछ।

तर, दफा ६ को उपदफा (१४) बमोजिमको अवस्था सिर्जना भएमा त्यस्ता आयोजना तथा कार्यक्रम प्रदेश आयोजना बैंकमा समावेश नभए पनि कार्यान्वयनमा लैजान बाधा पर्ने छैन।

(९) मन्त्रालयबाट आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सहमति प्राप्त भएको मितिले छ महिना वा सोही आर्थिक वर्षको जेष्ठ मसान्तमध्ये जुन अवधि पहिले आउँछ सोही अवधिभित्र खरिद प्रक्रिया सुरु नभएमा स्रोत सहमति स्वतः रद्द हुनेछ।

(१०) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विक्रम सम्वत् २०८३ साल असार १ गते पश्चात यस ऐनमा समावेश भएको आयोजना वा कार्यक्रमको स्वीकृत बजेटको सीमाभित्र रही यो ऐन प्रारम्भ भएपछि खरिद सम्झौता गर्ने गरी प्रचलित कानूनबमोजिम खरिद प्रक्रिया सुरु गर्न बाधा पर्ने छैन।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

९. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः** (१) यस ऐनबमोजिम नेपाल सरकारका निकाय वा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लेखा राखी प्रचलित प्रदेश कानूनबमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई विषयगत मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम खर्च शीर्षक नम्बर २६४१२ सरकारी निकाय, समिति तथा बोर्डलाई ससर्त चालु अनुदान र खर्च शीर्षक नम्बर २६४२२ सरकारी निकाय, समिति तथा बोर्डलाई ससर्त पुँजीगत अनुदानमा विनियोजित रकम प्रदेश कानूनबमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

१०. **वित्तीय अनुशासनसम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकार तथा प्रदेश सरकारको अनुदानमा निर्माण गरिने सामुदायिक भवन तथा यस्तै प्रकृतिका सार्वजनिक उपयोगका संरचना व्यक्तिगत तथा निजी जग्गामा निर्माण गर्न पाइने छैन।

(२) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नुपर्नेछ ।

(३) आर्थिक वर्ष २०८३/८४ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ९ बमोजिमका आयोजना वा कार्यक्रम मात्र कार्यान्वयनमा लैजानु पर्नेछ।

(४) यस ऐनबमोजिम विनियोजित रकम भन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद कारवाही प्रारम्भ गर्न पाइने छैन।

(५) उपदफा (४) बमोजिम गरेमा सोको निर्णय गर्ने र निर्णय प्रक्रियामा सङ्लग्न हुने कर्मचारीलाई कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ५५ को उपदफा (५) बमोजिमको अधिकारीले कारबाही गरी अन्य प्रचलित कानूनबमोजिम गर्न लेखी पठाउनु पर्नेछ।

११. **कानून विपरित विनियोजन भएको नमानिने:** यस ऐनबमोजिम कुनै सेवा र कार्यको लागि रकम विनियोजन गर्दा प्रचलित कानूनबमोजिम पूरा हुनु पर्ने कुनै प्रक्रिया पूरा भएको रहेनछ भने त्यस्तो प्रक्रिया पूरा नभएको आधारमा मात्र त्यसरी विनियोजित रकम कानून विपरित भएको मानिने छैन।

१२. **विविध:** (१) यस ऐनबमोजिम स्वीकृत बजेट तथा कार्यक्रममा मुख्य क्रियाकलापमा फरक नपर्ने गरी बजेट सूचना प्रणालीमा प्रविष्टि तथा विनियोजनमा भएको त्रुटि मन्त्रालयले जुनसुकै बखत सच्याउन सक्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको आर्थिक स्थिति, नेपाल सरकारबाट बाँडफाँट भई प्राप्त हुने राजस्व तथा अनुदानको स्थिति र प्रदेश सञ्चित कोषको मौज्दातको अवस्था समेत विचार गरी मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित रकम आवश्यकता अनुसार पूर्ण वा आंशिक रूपमा रोक्का वा नियन्त्रण गर्न तथा समर्पण गराउन सक्नेछ।

(३) यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारबाट स्रोतको रुपमा प्रस्तावित वित्तीय हस्तान्तरणको रकम थपघट हुने गरी प्राप्त भएमा मन्त्रालयले त्यसरी थपघट भएको रकमको लेखा राखी घटेर रकम प्राप्त भएमा विषयगत मन्त्रालय तथा निकायलाई आवश्यक निर्देशन र बढेर रकम प्राप्त भएमा विषयगत मन्त्रालय वा निकायलाई खर्च गर्ने अख्तियारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम रकम बढेर प्राप्त भएमा बढेको रकम स्वतः बजेटको अङ्ग मानिनेछ।

१३. **यस ऐनबमोजिम हुने:** यस ऐनमा उल्लिखित विषय यस ऐनबमोजिम हुनेछ र यस ऐनमा उल्लेख नभएका विषयमा अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

१४. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनु पर्ने भएमा कार्तिक मसान्तसम्म तर्जुमा गरी प्रदेश राजपत्र र विषयगत मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सालवसाली रुपमा सञ्चालन हुँदै आएका कार्यक्रम आर्थिक वर्ष २०८३/८४ मा समेत यथावत रुपमा सञ्चालन हुने भएमा विगत वर्षका कर्णाली प्रदेश विनियोजन ऐनबमोजिम तर्जुमा भएका निर्देशिका, कार्यविधि वा मापदण्ड समेत यस ऐनबमोजिम तर्जुमा भए सरह मानी कार्यान्वयन गर्न सकिनेछ।

(४) यस ऐनबमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ। त्यस्तो मार्गदर्शन सबै निकाय वा कार्यालयले पालना गर्नुपर्नेछ।

१५. **बाधा अड्काउ फुकाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा उत्पन्न भएको मन्त्रालय वा निकायले त्यस्तो बाधाको अवस्था, यस ऐनको कार्यान्वयनमा त्यसले पारेको प्रभाव र समस्या समाधानका उपायहरू समेत प्रस्ताव गरी मन्त्रालयमा पेश गरेमा मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले आवश्यक आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशित गर्नुपर्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

नेपालको संविधानबमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

(रु. हजारमा)

१	२	३	४	५	६
क्र. सं.	**अनुदान सङ्ख्या**	**निकायको नाम**	**चालु खर्च**	**पुंजीगत खर्च**	**जम्मा**
१.	२०२	प्रदेश सभा सचिवालय (प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा)	७८६१	०	७८६१
२.	२१०	प्रदेश लोक सेवा आयोग (अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा)	४८८४	०	४८८४
जम्मा			**१२७४५**		**१२७४५**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

अनुसूची-२

(दफा ३, दफा ४ र दफा ६ को उपदफा (१) र (९) सँग सम्बन्धित)

प्रदेश सञ्चित कोषबाट विनियोजित हुने रकम

(रु. हजारमा)

१	२	३	४	५	६	७
क्र. सं.	अनुदान सङ्ख्या	निकायको नाम	चालु खर्च	पुँजीगत खर्च	वित्तीय व्यवस्था	जम्मा
१	२०२	प्रदेश व्यवस्थापिका	१२७०११	१२२३८	०	१३९२४९
२	२१०	प्रदेश लोक सेवा आयोग	९३४७०	७०५०	०	१००५२०
३	२१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	१९५७८	५०१	०	२००७९
४	३०१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४९६१५७	१७४४००	०	६७०५५७
५	३०५	आर्थिक मामिला तथा योजना मन्त्रालय	१८७७५५	१२५४५	०	२००३००
६	३०७	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	९३९४७८	१५२५२९६	०	२४६४७७४
७	३०८	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	२९७९१७	४५२१६६९	०	४८१९५८६

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

८	३१२	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२३०१७१८	६२७०५०	०	२९२८७६८
९	३३७	भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	३३७२३३	१०५९४८७७	०	१०९३२११०
१०	३५०	सामाजिक विकास मन्त्रालय	३४३१३२९	२६६९२६६	०	६१००५९५
११	३९१	कर्णाली प्रदेश योजना आयोग	४०१६५	१८२०	०	४१९८५
१२	५०१	अर्थ-वित्तीय व्यवस्था	०	०	५०००००	५०००००
१३	६०१	कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा	२००००	०	०	२००००
१४	६०२	अर्थ-विविध	३०००००	६०००००	०	९०००००
१५	८०१	स्थानीय तह	५५४७२८०	०	०	५५४७२८०
कुल जम्मा			१४१३९०९१	२०७४६७१२	५०००००	३५३८५८०३

निर्णय मिति: २०८३।०३।३१

आज्ञाले,
निधिराज न्यौपाने
प्रदेश सरकारको सचिव।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश